नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
( प्रशासन शाखा )

फोनः ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्सः ०१-४४१४३९१

पो.ब.नं. ४०७
महाराजगञ्ज, काठमाडौँ

# प्रेस विज्ञप्ती-९७

## " सहकारीको रकम हिनामिना गर्ने कार्यमा संलग्न संचालक समितिको निवर्तमान अध्यक्ष पक्राउ "

शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि. केन्द्रीय कार्यालय, कौशलटार, भक्तपुर भई नेपालका ३५ वटा जिल्लाहरुमा सेवा केन्द्र रहेको सहकारीका शाखा कार्यालयहरुमा १,६८,७२५ जना निक्षेपकर्ता सदस्यहरुले उक्त संस्थामा बचत तथा मुद्दती खाता खोली जम्मा गरेको **रु १०,७७,७६,३७,५८६।५१ (अक्षरुपी दश अर्व सतहत्तर करोड छहत्तर लाख सैतिस हजार पाँच सय छयासी रुपैया एकाउन्न पैसा)** तथा श्री तुलसी बहुमुखी सहकारी संस्था लि. विराटनगर मोरंङमा केन्द्रिय कार्यालय समेत झापा, सुनसरी र उदयपुरमा रहेका शाखा कार्यालयहरुमा २१,१५४ जना निक्षेपकर्ता सदस्यहरुले उक्त संस्थामा बचत तथा मुद्दती खाता खोली जम्मा गरेको **रु. १,४५,७५,४५,९९१/- ( अक्षेरुपी एक अर्ब पैतालिस करोड पचहतर लाख पैतालीस हजार नौ सय एकानब्बे रुपैयाँ)** रकम प्रचलित सहकारी ऐन र नियमावली विपरित सहकारी संस्थाबाट आफु र आफ्ना नजिकका ब्यक्तिहरुको नाममा संचालित ४३ वटा विभिन्न कम्पनीहरुमा ऋण लगानी गराई उक्त रकमको साँवा व्याज समेत सहकारी संस्थाम फिर्ता नगरी, सहकारी संस्थामा रहेको निक्षेप रकम बाट आफु र आफ्ना नजिकका ब्यक्तिहरुको नाममा जग्गा जमिन, सवारीसाधन खरिद गरी सर्वसाधारणको वचत रकम दुरुपयोग गरी सहकारी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्यमा संलग्न श्री शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि.का संचालक समितिको निवर्तमान अध्यक्ष, तुलसी बहुमुखी सहकारी संस्था लि. विराटनगर, मोरङका अध्यक्ष तथा शिखर अर्गनाईजेशन लि. का संचालक केदारनाथ शर्मालाई मिति २०८०/०३/११ गते जि. बाँके नेपालगंज उपमहानगरपालिका वडा नं. १५ बाट पक्राउ गरिएको।

## पक्राउ भएका व्यक्तिको विवरण :



१) **नाम थर**:-केदारनाथ शर्मा
**वतन** :-जिल्ला बाँके, कोहलपुर नगरपालिका वडा नं. -३
**वर्ष**:- ४८

प्रहरी उपरीक्षक
( नवराज अधिकारी)
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२८११५८